# माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेड

(प. लि. द. नं. ९६०४२/०६९/७०)

## वि.सं. २०८२ साल आश्विन २४ गते शुक्रबारका दिन सेलिब्रेसन हाईट्स, सुकेधारा, काठमाण्डौमा सम्पन्न भएको

## बाह्रौं वार्षिक साधारण सभाको काम कारवाही तथा निर्णय पुस्तिका

## Minute of 12th Annual General Meeting

(क) **पृष्ठभूमि :**

यस माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेडको बाह्रौं वार्षिक साधारण सभा मिति २०८२ साल आश्विन २४ गते (तदनुसार १० अक्टोबर, २०२५) शुक्रबारका दिन बिहान ११:०० बजे का. म. न. पा. ४, काठमाडौ, सुकेधारा स्थित सेलिब्रेसन हाईट्समा सम्पन्न भएको थियो । कार्यक्रम सञ्चालकले सञ्चालक समितिका सदस्यहरू, कम्पनीका शेयरधनी महानुभावहरू, आमन्त्रित वर्ग, कम्पनीका पदाधिकारीहरू लगायत उपस्थित सबैलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै उपस्थित सबैलाई बाह्रौं वार्षिक साधारण सभामा स्वागत गर्नु भएको थियो । वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री रामेश्वर रिजालज्यूले गर्नु भएको थियो । साधारण सभामा अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ. व. २०८१/८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो, भने कम्पनी व्यवस्थापनद्वारा यस कम्पनीद्वारा प्रवर्द्धित रसुवा जिल्ला उत्तरगया गाउँपालिका वडा नं. १ स्थित १४.३ मे.वा. जडित क्षमताको माथिल्लो मैलुङ्ग खोला जलविद्युत आयोजनाको सञ्चालन अवस्था, मर्मत सम्भार, संस्थागत सामाजिक उत्तरदायित्व, वातावरण संरक्षण लगायतका सम्बन्धमा भए गरिएका कार्यहरू र कम्पनीको आर्थिक तथा वित्तीय अवस्थाका सम्बन्धमा श्रव्य-दृष्य (अडियो-भिडियो) मार्फत जानकारी गराइयो । तत् पश्चात् शेयरधनीहरूबाट राखिएका जिज्ञासाहरू सम्बोधन गरी साधारण सभामा पेश गरिएका निर्धारित प्रस्तावहरू उपर छलफल गरी सबै प्रस्तावहरू सर्वसम्मतिले पारित गरियो । साधारण सभा बिहान ११:०० बजेबाट शुरू भई निर्धारित विषयसूची अनुसारका विषयहरूमा छलफल तथा निर्णय गरी दिनको १२:४५ बजे समापन भएको थियो ।

(१) **सभाको सूचना तथा प्रकाशन :**

यस कम्पनीको सञ्चालक समितिको मिति २०८२ साल भाद्र २३ (तदनुसार ०८ सेप्टेम्बर, २०२५) गते बसेको बैठकको निर्णयानुसार आयोजित कम्पनीको यस बाह्रौं वार्षिक साधारण सभाको जानकारीका लागि राष्ट्रिय स्तरको दैनिक पत्रिका हिमालय टाइम्स राष्ट्रिय दैनिकमा २०८२ भाद्र २४ गते प्रथम पटक र २०८२ भाद्र ३१ गते दोस्रो पटक कम्पनीको संक्षिप्त आर्थिक विवरण सहित सार्वजनिक सूचना प्रकाशित गरिएको थियो । साथै, उल्लिखित सूचना तथा जानकारी यस कम्पनीको वेबसाईट www.sanimamailung.com मा पनि राखिएको थियो ।

(२) <u>उपस्थिति :</u>

**(अ) सञ्चालकहरूको उपस्थिति**

| | |
|---|---|
| श्री रामेश्वर रिजाल<br>(प्रतिनिधि मोल्निया पावर लि.) | सञ्चालक/अध्यक्ष |
| श्री घनश्याम थापा<br>(प्रतिनिधि सानिमा माई हाइड्रोपावर लि.) | सञ्चालक-सदस्य |
| श्रीमती सरोजा पौड्याल<br>(प्रतिनिधि ओब्जोर इन्भेष्टमेन्ट कम्पनी लि.) | सञ्चालक-सदस्य |
| श्री रामेश्वर लामिछाने | सञ्चालक-सदस्य |
| श्री विशाल भट्टराई | सञ्चालक-सदस्य |
| श्री रमेश कुमार मास्के | स्वतन्त्र सञ्चालक |

**(आ) कम्पनीका पदाधिकारीको उपस्थिति**

| | |
|---|---|
| श्री सुधीर गिरी | महा-प्रबन्धक |
| श्री ऋषिराज गौतम | कम्पनी सचिव |

**(इ) विभिन्न निकायका पदाधिकारी/प्रतिनिधिको उपस्थिति :**

| | |
|---|---|
| श्री रश्मी रिजाल<br>(प्रतिनिधि सानिमा क्यापिटल लि.) | शेयर रजिष्ट्रार |

**(ई) शेयरधनीहरूको उपस्थिति :**

| | | |
|---|---|---|
| १. स्वयम् उपस्थित हुने शेयरधनीहरूको संख्या<br>(संस्थागत शेयरधनीहरूको प्रतिनिधि समेत) | - | ८५ जना |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको संख्या | - | ८८ जना |
| ३. जम्मा उपस्थित संख्या | - | १७३ जना |

(३) **बाह्रौं वार्षिक साधारण सभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरू :**

साधारण सभामा निम्न विषयहरू छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थियो :

१. बाह्रौं वार्षिक साधारण सभाका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

MATHILLO MAILUNG KHOLA JALVIDHYUT LTD. 2002

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ साल आषाढ मसान्त सम्मको वासलात, आ.व. २०८१/८२ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०८२/८३ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।

४. कम्पनीका संस्थापक शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

५. विविध ।

**(४) गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व**

| विवरण | कुल संख्या | स्वयम् उपस्थिति | प्रतिनिधिबाट उपस्थिति | जम्मा उपस्थिति | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ८१,००३ | ८५ | ८८ | १७३ | ०.२१३ |
| कम्पनीको शेयर संख्या | १,००,००,००० | ६३,२९,१०४ | १,६३,५०० | ६४,९२,६०४ | ६४.९३ |

**(ख) सभाको वैधानिकता**

(१) यस कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरूमध्ये कम्तिमा ३ जना शेयरधनीहरू स्वयम् वा प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको बाह्रौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा स्वयम् तथा प्रतिनिधि मार्फत हाजिरी जनाउने शेयरधनीहरूको संख्या १७३ भएको र कूल बाँडफाँड भएको ६४.९३ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनीको नियमावली तथा प्रचलित कानुन बमोजिम साधारण सभाको लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा सभा समक्ष जानकारी गराइयो ।

(२) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री रामेश्वर रिजालज्यूले गर्नु भई, बाह्रौं वार्षिक साधारण सभा शुरू गर्न अनुमति दिनु भए बमोजिम सभा सञ्चालन गरियो ।

**(ग) सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल :**

साधारण सभाको कार्यक्रम सञ्चालन गर्न सभा-अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि साधारण सभाका अध्यक्ष श्री रामेश्वर रिजालज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत् पश्चात् अध्यक्षज्यूले मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ. व. २०८१/८२ को वार्षिक प्रतिवेदन अनुमोदनका लागि प्रस्तुत गर्नुभयो । साथै, कम्पनी व्यवस्थापनको तर्फबाट यस कम्पनीद्वारा प्रवर्द्धित रसुवा जिल्ला उत्तरगया गाउँपालिका वडा नं. १ स्थित १४.३ मे.वा. जडित क्षमताको माथिल्लो मैलुङ् खोला जलविद्युत आयोजनाको सञ्चालन अवस्था, कम्पनीको आर्थिक तथा वित्तीय अवस्था, कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्वका कार्यहरू लगायत आयोजनाको विस्तृत विवरण श्रव्य-दृष्य (अडियो-भिडियो) को माध्यमद्वारा शेयरधनीहरूलाई जानकारी गराइयो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराईएको लेखापरीक्षण प्रतिवेदन सहितको २०८२ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०८१/८२ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव दिन तथा सो सम्बन्धमा छलफल गर्न र आफ्नो मन्तव्य राख्न शेयरधनीहरूलाई अनुरोध

गरियो । कम्पनीका निम्न शेयरधनीहरूले मन्तव्यका क्रममा व्यक्त गर्नु भएको राय, सुझाव तथा जिज्ञासाहरूको मुख्य अंश निम्न अनुसार रहेको छ :

**(अ) श्री जगन्नाथ आचार्य**

यस वर्ष लाभांशको वितरण गर्न नसकेकोमा दुःख व्यक्त गर्दै कम्पनीको वित्तीय अवस्थाको समीक्षा गर्दा आगामी वर्षमा लाभांश वितरण गर्ने विषयमा म सकारात्मक छु । सञ्चालकको नियुक्ति निर्वाचनबाट नभई सर्वसम्मतिबाट होस् । आयोजना सञ्चालनका लागि आवश्यक रणनीति अपनाई आयोजनामा हुन सक्ने क्षतिका न्यूनीकरणका लागि आवश्यक बीमा गर्नुहुन तथा कर्मचारीहरूको वृद्धि विकासका लागि आवश्यक तालिमको आयोजना गर्नु हुन अनुरोध गर्दछु । लेखापरीक्षक शुल्क गत वर्ष भन्दा नबढाई लेखापरीक्षक नियुक्तिका लागि अनुरोध गर्दछु ।

**(आ) श्री इन्द्र प्रसाद लामिछाने**

समयमा नै साधारण सभा गर्नु भएकोमा धन्यवाद दिंदै गत वर्षको तुलनामा कम्पनीको वित्तीय अवस्था राम्रो देखिएको हुनाले निकट भविष्यमा प्रतिफल प्राप्त गर्न सक्ने आशा राखेका छौं । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गर्नु भएको कार्यको उच्च प्रशंसाा गर्दै सोको दुरूपयोग नहोस् भन्ने विषयमा ध्यान दिनु हुन अनुरोध गर्दछु । सञ्चालकको नियुक्ति सर्वसम्मतिबाट होस् भन्दै शुभकामना दिन चाहन्छु र नियुक्त हुनु हुने सञ्चालकलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिन चाहन्छु ।

**(आ) श्री सुदिप श्रेष्ठ**

कम्पनी सम्बन्धी पारदर्शी रूपमा जानकारी दिनु भएकोमा धन्यवाद दिंदै समयमा नै बैंक कर्जाको साँवा व्याज भुक्तानी गर्नु हुन अनुरोध गर्दछु । कम्पनीले प्रवर्द्धन गर्न लागेको दुई वटा आयोजनाको निर्माण कार्य समयमा नै गरी शेयरधनीहरूलाई चाँडै नै प्रतिफल प्रदान गर्ने आशा गर्दछु ।

**(इ) श्री ब्रम्हदेव शाक्य**

कम्पनीले प्रवर्द्धन गरेको नयाँ दुई आयोजना निर्माण गर्न तथा बैंकको सावाँ, व्याज चुक्ता गर्न लागि हकप्रद शेयर जारी गर्न साथै, नयाँ जलविद्युत आयोजना लगायत सौर्य तथा वायु उर्जा उत्पादका लागि अध्ययन अनुसन्धानको कार्य थालनी गर्न सुझाव दिन चाहन्छु । यस सभाद्वारा निर्वाचित हुनु हुने सञ्चालकज्यूहरूलाई कम्पनी तथा शेयरधनीहरूको हितमा काम गर्न सफलता मिलोस् भनी शुभकामना दिन चाहन्छु ।

**(ई) श्री डमरू बल्लभ घिमिरे**

सुशासन तथा पारदर्शिता कायम रहेको यस कम्पनीको वार्षिक प्रतिवेदन अध्ययन तथा विश्लेषण गर्दा कम्पनीको भविष्य उज्जवल देखिएको हुनाले आगामी वर्षमा लाभांश प्रदान गर्न सक्ने अवस्था देखिन्छ । आगामी वर्ष हकप्रद शेयरको प्रस्ताव गर्नु हुन अनुरोध गर्दै कम्पनी गाभ्ने, गाभिने वा एकिकरण गर्ने सम्बन्धी भएका कार्यका सम्बन्धी जानकारी दिनु हुन अनुरोध गर्दछु ।

**(उ) श्री इन्द्र कृष्ण श्रेष्ठ**

कम्पनीलाई निरन्तर सञ्चालन गर्नका लागि सञ्चालक समिति तथा कम्पनी व्यवस्थापनबाट इमान्दारीताका साथ गर्नु भएको कार्यलाई धन्यवाद दिदै आगामी वर्ष हकप्रद शेयरको प्रस्ताव गर्नु हुन अनुरोध गर्न चाहन्छु ।

MATHILLO ... LTD. 2012

**(ऊ) श्री बैजुनाथ रौनियार**

कम्पनीबाट प्रवर्द्धन गर्न लाग्नु भएको नयाँ जलविद्युत आयोजनाको कार्य प्रगतिका सम्बन्धमा जानकारी गराई दिनु हुन अनुरोध गर्दै संस्थागत सामाजिक उत्तरदायित्वका सम्बन्धमा गर्नु भएको कार्यले स्थानीय बासिन्दा खुसी भई आयोजना सञ्चालनको क्रममा सहयोग पुऱ्याउनु हुने आशा राख्दछु । कम्पनीको उपसमितिले प्रदान गर्ने सुझावहरू मनन गर्नु हुने आशा राख्दै आगामी वर्ष हकप्रद शेयर जारी गर्न तर्फ विचार गर्नु हुन अनुरोध गर्दछु । नयाँ सञ्चालकहरूलाई अग्रिम बधाई दिन चाहन्छु ।

**(ए) श्री शत्रुधन श्रेष्ठ**

आगामी वर्ष हकप्रद शेयर जारी गर्नु राय सुझाव दिंदै कम्पनीको वित्तीय सुचक राम्रो देखिएकाले आगामी वर्षमा अझ प्रगति गर्दै जान सकोस् भन्ने कामना गर्दछु ।

यसका साथै, शेयरधनीहरू श्री निरूपमा गुप्ता, श्री लक्ष्मण बहादुर श्रेष्ठ, श्री श्रीजन आर्चाय, श्री माधव प्रसाद सिंखडा र श्री सुरेन्द्र चिमौरियाले लिखित मन्तव्य राख्नु भएको थियो ।

शेयरधनी महानुभावहरूबाट मन्तव्यका क्रममा राय, सुझाव र जिज्ञासा राख्ने कार्य पूरा भएपछि शेयरधनीहरूको जिज्ञासाहरूका सम्बन्धमा प्रष्ट पार्दै सम्बन्धित विषयमा सभा अक्ष्यक्षज्यूले निम्नानुसार जवाफ दिनु भयो ।

**श्री रामेश्वर रिजाल - सञ्चालक/अध्यक्ष**

सञ्चालक समिति र व्यवस्थापनलाई गर्नु भएको भरोसा प्रति हार्दिक आभार व्यक्त गर्दै शेयरधनीहरूको जिज्ञासाका सम्बन्धमा निम्नानुसार प्रष्ट पार्नु भयो ।

- लाभांश वितरण गर्ने हामी सबैको चाहना हो, यसलाई व्यवस्थापनले गम्भीरतापूर्वक लिएको छ ।
- सञ्चालक नियुक्ति सम्बन्धी जानकारी सभा समक्ष निर्वाचन अधिकृतज्यूले दिनु हुनेछ ।
- कम्पनीका कर्मचारीलाई नीति नियम बमोजिम प्रोत्साहन गरी अगाडि बढ्ने छौं ।
- अतिरिक्त आम्दानीको सम्भावना भए सम्म सोलाई विचार गरी कार्य गर्ने छौं ।
- कम्पनीले प्रवर्द्धन गर्ने अन्य दुई आयोजनाको विद्युत खरिद बिक्री सम्झौता (PPA) को प्रक्रियामा रहेको हुनाले PPA भए पश्चात् सोको निर्माण कार्य प्रारम्भ गर्न वित्तीय व्यवस्थापनका लागि हकप्रद शेयर जारी गर्ने सम्बन्धमा प्रस्ताव गर्ने नै छौं ।
- लेखापरीक्षकको पारिश्रमिकका सम्बन्धमा समयानुसार सकेसम्म बढि खर्च नहुने गरी गर्ने छौं ।
- जोखिम निरूपण गर्नका लागि गरिएको बीमाका सम्बन्धमा वार्षिक प्रतिवेदन पुस्तिकामा उल्लेख गरेका छौं ।
- नयाँ आयोजनाहरूको सम्भाव्यता अध्ययन गर्न दिनु भएको सुझावको सहर्ष ग्रहण गर्ने छौं ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको कोष हालसम्म दुरूपयोग भएको छैन र भविष्यमा पनि यस विषयमा विशेष ध्यान दिने छौं ।

साथै, अध्यक्षज्यूको आज्ञाले कम्पनीका महाप्रबन्धकज्यूले सम्बन्धित विषयमा निम्न बमोजिम प्रष्ट पार्दै, जवाफ दिनु भयो ।

MATHILLO ... LTD. 2012

**श्री सुधीर गिरी - महाप्रबन्धक**

यहाँहरूको जानकारीका लागि त्रिशुली नदीमा आएको बाढीका कारण ने.वि.प्रा. को ६० मे.वा. क्षमताको माथिल्लो त्रिशुली 3A जलविद्युत आयोजनाको interconnection bay मा क्षति पुगी आयोजनाको सञ्चालन बन्द रहेकोमा ने.वि.प्रा. को अनुरोधमा माथिल्लो मैलुङ्ग खोला जलविद्युत आयोजनाको interconnection bay बाट नै विद्युत प्रवाह गर्ने गरी हाल सञ्चालन भई रहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

त्यस पश्चात् सभामा निम्नानुसारका निर्धारित प्रस्तावहरू पेश भई सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**(घ) सभाको निर्णयहरू :**

निर्णयार्थ बाह्रौं वार्षिक साधारण सभा समक्ष पेश भएका निम्न प्रस्तावहरूमा सभाले निम्न बमोजिम निर्णयहरू गर्‍यो:

(क) साधारण प्रस्तावहरू :

**१. बाह्रौं वार्षिक साधारण सभाका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।**

सञ्चालक समितिको तर्फबाट सभा-अध्यक्ष श्री रामेश्वर रिजालज्यूले प्रस्तुत गर्नु भएको आ. व. २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ साल आषाढ मसान्त सम्मको वासलात, आ.व. २०८१/८२ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०८२ साल आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०८१/८२ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू उपर छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त प्रतिवेदन तथा आर्थिक विवरणहरू पारित गरियो ।

**३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०८२/८३ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनीको लेखापरीक्षण समितिले आ. व. २०८२/८३ को कम्पनीको लेखापरीक्षण गर्न गत आ.व. का लेखापरीक्षक संस्था N.B.S.M. & Associates, Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक रू. २,२०,०००/- (अक्षरेपी दुई लाख बीस हजार रूपैया मात्र) पारिश्रमिक निर्धारण गरी पुन: लेखापरीक्षक नियुक्तिका लागि सिफारिस गरिएकोमा समितिको सिफारिस बमोजिम उल्लिखित संस्थालाई आ. व. २०८२/८३ को लेखापरीक्षक नियुक्ति गर्ने प्रस्ताव तथा पारिश्रमिक सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**४. कम्पनीका संस्थापक शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरूको निर्वाचन गर्ने ।**

कम्पनीको सञ्चालक समितिमा संस्थापक शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरूको कार्यकाल पूरा भएको हुँदा, कम्पनीको यसै बाह्रौं बार्षिक साधारण सभाबाट सञ्चालकहरूको निर्वाचन/नियुक्ति प्रयोजनका लागि प्रकाशित निर्वाचन कार्यक्रम अनुसार तपसिल बमोजिमको ३ (तीन) जना मात्र शेयरधनीहरूबाट उम्मेदवारी दर्ता भई निज उम्मेदवारहरूको विरूद्धमा कुनै दावी विरोध समेत नपरेको र कुनै उम्मेद्वारहरूले आफनो नाम फिर्ता नलिनु भएको हुदाँ उहाँहरू

निविरोध निर्वाचित भई कम्पनीको नियमावली बमोजिम आगामी ४ (चार) वर्षका लागि यस कम्पनीको सञ्चालक पदमा नियुक्त हुनु भएको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ता समिर कुमार उपाध्यायज्यूले सभामा घोषणा गर्नु भयो र यस प्रस्तावलाई सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**तपसिल**

| क्र.सं. | निर्वाचित सञ्चालकहरूको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| १ | श्री घनश्याम थापा<br>खैरहनी ७, चितवन | प्रतिनिधि सानिमा माई हाइड्रोपावर लिमिटेड |
| २ | श्री राजन प्रसाद अमात्य<br>रूरू ६, गुल्मी<br>हाल टोखा न.पा. १०, काठमाडौं । | प्रतिनिधि सानिमा हाइड्रोपावर लिमिटेड |
| ३ | श्री शरद बस्याल<br>बराङ्दी २, पाल्पा<br>हाल का.म.न.पा. २, काठमाडौं । | प्रतिनिधि जय गणेश इन्भेष्टमेन्ट कम्पनी लिमिटेड |

**(ग) विविध ।**

विविध विषय अन्तर्गत कुनै छलफल तथा निर्णय भएन ।

**धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

सभा-अध्यक्षज्यूले कम्पनीको वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू, आमन्त्रित व्यक्तिहरू, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो । सभा-अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समिति प्रति देखाउनु भएको विश्वास र सद्‌भावको निमित्त कृतज्ञता ज्ञापन गर्नुभयो र यस बाह्रौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

**ऋषिराज गौतम**
कम्पनी सचिव

**रामेश्वर रिजाल**
सञ्चालक/अध्यक्ष